नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १८६ २०८० साल फागुन १२ गते शनिबार (24 Feb. 2024 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : ठूला दलका आन्तरिक... ३ पृष्ठमा : वैदेशिक रोजगारीलाई व्यवस्थित. ३ पृष्ठमा : अमेरिकी निजी यान ५० वर्षभन्दा...

# सबै प्रक्रिया पुरा गरे पनि नगरपालिकाले म माथि अन्याय गर्दैछ : लोसपा नेता ठाकुर




**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका राष्ट्रिय उपाध्यक्ष जयप्रकाश ठाकुरले सबै प्रक्रिया पुरा गरे पनि राजविराज नगरपालिकाले आफ्नो हकभोग र स्वामित्वको जग्गामा जबरजस्ती विभिन्न वाधा अवरोध खडा गरि नियतबस दुःख दिइरहेको गुनासो गरेका छन् ।

प्रक्रियागत तथा नियमपूर्वक बनाउन लागेको संरचना निर्माण कार्यलाई राजबिराज नगरपालिकाले क्षति पुऱ्याउन थालेकाउनको भनाई छ ।

राजविराज निवासी नेता ठाकुरले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी यस्तो गुनासो पोखेका हुन् । राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले संरचना निर्माणमा अवरोधको प्रयासका साथै आफू र आफ्नो परिवारका बारेमा सामाजिक सञ्जालमा समेत भ्रम फैलाउने र प्रचारबाजी गरी चरित्र हत्यासम्मको प्रयास पनि गरेको भन्दै उनले पत्रकार सम्मेलनमा आपत्ति समेत जनाएका छन् ।

राजविराज नगरपालिका साविक वडा नम्बर ३ हाल वडा ४ मा पत्नि संगीताको नाममा रहेको १५ कठ्ठा ९ धुर जग्गामा नयाँ संरचना बनाउन खोज्दा नगरपालिकाले अनावश्यक हस्तक्षेप गरी दुःख दिन थालेको बताए । उक्त जग्गाको नियमित रुपमा सालबसाली मालपोत बुझाउँदै आएका रसिद तथा अन्य प्रमाणहरू पत्रकार सम्मेलनमा पेश गरेका ठाकुरले नयाँ संरचना निर्माणका लागि आवश्यक पर्ने नक्सा पासका लागि नगरपालिकामा लाग्ने दस्तुर २ लाख ११ हजार ४ सय ५७ रुपैया २०७८ साल भदौ २१ गते नै बुझाइसक्दा पनि दुःख दिने नियतले हालसम्म नक्सा पास नगरी आर्थिक क्षति पुऱ्याउन खोजेको बताएका छन् ।

नगरपालिकाले शुल्क बुझेको २५ महिनाभन्दा बढी भो, तर हालसम्म विभिन्न बहानामा नक्सा पास गरिदिएको छैन, उनले भने- उल्टै काम रोक्नु भन्दै चेतावनी सहितको पत्र काटेर हाम्रो परिवारलाई मानसिक यातना र आर्थिक क्षति पुऱ्याउने काम नगरपालिकाले गरिरहेको छ ।

भवन निर्माणका लागि निवेदन पेश गरेको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले प्रक्रिया पुरा गरी अनुमति दिनुपर्ने व्यवस्था भएपनि २५ महिना बित्दा समेत अनुमति नदिनु र त्यसको जायज कारण पनि नखोल्नु नियम कानुनको धज्जी उडाए जस्तै भएको ठाकुरको भनाइ छ ।

उनले यस अघि २०७३ सालमा उक्त जग्गा संरक्षणका लागि चारैतिरबाट पर्खाल निर्माण गर्ने क्रममा नगरपालिकाले रोक्का गरी अमिन रामनारायण ठाकुरलाई खटाएको र उनले अरु कसैको कुनै जग्गा नमिचेको भनी प्रतिवेदन बुझाउँदा पर्खाल निर्माण कार्य सम्पन्न भएको जानकारी गराउँदै हाल सोही पर्खालको घेराभित्र नयाँ संरचना बनाउन खोज्दा कहिले पत्र काटेर, त कहिले प्रहरी पठाएर रोकाउँछु भन्दै धम्की दिनु अचम्मको कुरा भएको बताए ।

२५ महिना अघि नै नक्सा पास प्रयोजनका लागि रसिद नं. ७१ बाट २ लाख ११ हजार ४ सय ५७ रुपैयाँ तथा धरौटी बापत रसिद नं. ४ बाट १ लाख ४ हजार ४ सय ४९ रुँपैया बुझिसकेको नगरपालिकाले हालसम्म अनुमति नदिनु तथा उल्टै चेतावनी सहितको पत्र काटेर मानसिक यातना तथा परियोजनामा क्षति पुऱ्याएको भन्दै उनले आपत्ति सहित नगरपालिकामा पेश गरेको लिखित जवाफमा उल्लेख समेत गरेका छन् ।

पत्रकार सम्मेलनमा उपस्थित रहेका राजविराज नगरपालिकाका निवर्तमान मेयर शम्भुप्रसाद यादव र लोसपा सप्तरीका अध्यक्ष सुनिल कुमार झाले समेत ठाकुरद्वारा आफ्नो निजी जग्गामा नियमपूर्वक संरचना निर्माण कार्य थालिएको भन्दै नगरपालिकाले त्यसमा हस्तक्षेप गर्नुको कुनै औचित्य नरहेको प्रतिक्रिया दिएका छन् ।

यता सोबारे नगरपालिकाका कार्यवाहक नगरप्रमुख परविनसँग जिज्ञासा राख्न खोज्दा उनको मोबाइल स्विच अफ भएका कारण सम्पर्क हुन सकेन ।

प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङसँग सम्पर्क गर्दा उनले आफू जिम्मेवारी सम्हालेको ६ महिना मात्र भएको बताउँदै ठाकुरले त्यसअघि नै नक्सा पास बापतको शुल्क बुझाइसकेपछि ३५ दिन भित्र स्थलगत निरीक्षण गरी

*बाँकी तीन पृष्ठमा*

## ट्रक पल्टिँदा च्यापिएर तीन बालबालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**मोरङ, ११ फागुन ।**

मोरङको बूढीगंगामा भारतीय ट्रक पल्टिँदा च्यापिएका चारमध्ये तीन जनाको बालबालिकाको ज्यान गएको छ । मृत्यु हुनेमा एकै परिवारका दुई जना र अर्का छिमेकी रहेका छन् ।

ज्यान गुमाउनेमा बूढीगंगा गाउँपालिका ४ की ४ वर्षीया इसिता अधिकारी र छोरा निशान्त अधिकारी छन् । उनीहरू ज्योति अधिकारीका जुम्ल्याहा छोराछोरी हुन् । उक्त घटनामा सञ्जु खवासकी ८ वर्षीया छोरी रिहा

*बाँकी तीन पृष्ठमा*

## नगरपालिकाको विवाद समाधान गरि जनताको सेवा सूचारु गर्नेतर्फ ध्यान दिनुपर्छ : निलम्बित मेयर

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

विशेष अदालतमा मुद्दा परेर निलम्बित अवस्थामा रहेका राजबिराज नगरपालिकाका मेयर भिमराज यादवले नगरपालिकाको आन्तरिक विवाद समाधान गरि जनताको सेवा सूचारु गर्नेतर्फ ध्यान दिनु पर्ने सुझाव दिएका छन् ।



शुक्रबार आफ्नै निवासमा सञ्चारकर्मीहरूसित कुरा गर्दै उनले यस्तो सुझाव दिएका हुन् । केही दिन यता कार्यवाहक नगरप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत बीचको विवाद अदालतसम्म पुग्नु र नगरपालिकाबाट प्रवाह हुने विभिन्न सेवाहरू प्रभावित बन्नु दुर्भाग्यपूर्ण रहेको भन्दै उनले आन्तरिक विवादलाई अविलम्ब वार्ता र छलफलबाट टुङ्गो लगाउनुपर्ने बताए ।

"केही दिन यता कार्यवाहक नगरप्रमुख इसरत परविन र प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङबीच चर्केको विवाद उत्कर्षमा पुग्दा नगरपालिकाको आर्थिक कारोबार तथा अन्य महत्वपूर्ण योजना कार्यान्वयन ठप्प भएको भन्दै सेवाग्राहीहरू आफ्नो निवासमा गुनासो लिएर आउने गरेका छन्, उनले भने "नगरवासीको हितमा अविलम्ब वार्ता र छलफलको माध्यमबाट समस्याको समाधान खोज्नु जरुरी भएको छ ।"

कार्यवाहक नगरप्रमुख परविन र प्रमुख प्रशासकीय अधिकृत गुरुङबीच चर्केको विवादका कारण विगत १५ दिनदेखि नगरपालिकाको आर्थिक कारोबार तथा महत्वपूर्ण योजनाहरू रोकिएको छ । उनले कार्यवाहक नगरप्रमुख परविन र प्रमुख प्रशासकीय अधिकृत गुरुङ एक अर्काविरुद्ध कार्यालयभित्र मात्र नभई फाइल लिएर अख्तियार र अदालतसम्म पुग्न थालेको जानकारी आफूलाई प्राप्त भएको बताउँदै कोही पनि अधिकार र कानुन भन्दा माथि जान खोजे जनताले पनि प्रतिवाद गर्ने र त्यसमा आफ्नो पनि साथ र सहयोग रहने उद्घोष गरे ।

*बाँकी तीन पृष्ठमा*

**भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु**

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछ:

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेशाज्ञा(Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण,

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

## तीनै तहका सरकारको पहल आवश्यक

नेपालमा महिला र बालबालिकाहरुको अवस्थामा सकारात्मक परिवर्तन ल्याउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कैयन प्रयासहरु भएका छन् । यस्ता खाले प्रयासहरुबाट महिला तथा बालबालिकाको अवस्थामा केही सुधार आए पनि समग्र रुपमा हालसम्म पनि स्थिति सकारात्मक बन्न सकेको छैन । खासगरी ग्रामीण क्षेत्रका महिला र बालबालिकाहरुको अवस्था अझै पनि चिन्ताजनक रहेको छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासंधि १९७९ र बालबालिका सम्बन्धि महासंधिले महिला तथा बालबालिकाको अधिकार प्राप्तिका लागि राज्यपक्षलाई जिम्मेवार बनाएको छ । नेपालले पनि ति दुवै महासंधि आधारमा ऐन तथा नियमावलीहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । महिलाहरुको स्वास्थ्य, प्रजनन् स्वास्थ्य, शिक्षा, आर्थिक, श्रोत र साधनमा पहुँच आदि सवालमा हाम्रा ऐन र नियमावलीले पर्याप्त रुपमा बोलेको भए पनि महिलाहरुको यस्ता अवस्थाहरुमा हालसम्म पनि सकारात्मक नतीजा पूर्ण रुपले आउन नसक्नु दुःखद छ । महिलामाथिको प्रताडना, शोषण र विभेद कायमै छ । महिलालाई बोक्सी आरोपमा मुलमुत्र खुवाउने, कुट्ने जस्ता अमानवीय घटनाहरु समाचार पत्रका शीर्षक बन्ने गरेका छन् । यसैगरी बालबालिकाहरुको शिक्षाको अधिकार खेलकुद र मनोरञ्जनका अधिकार, शोषण-भेदभाव विरुद्धको अधिकार आदिमा केही सुधार भए पनि सम्पूर्ण रुपमा सन्तोष गर्ने स्थिति भने अझसम्म पनि बन्न सकेको छैन ।

महिला र बालबालिकाहरुको अधिकारलाई प्राथमिकतामा राखेर उनीहरुलाई विकासको मुलधारामा समाहित गराउनु आजको आवश्यकता होतिस । तसर्थ तिनै तहको सरकारले यसतर्फ गम्भीरताका साथ आत्मसात गरी उनीहरुको अवस्था सुधारका लागि तत्कालै पहल गर्नु अपरिहार्य छ ।

# ठूला दलका आन्तरिक छलफलमा के भयो ?

**नारायण न्यौपाने**

काठमाडौँ, ११ फागुन (रासस) ।

सङ्घीय संसद्को हिउँदे अधिवेशन चलिरहेकै बेला प्रमुख राजनीतिक दलले बैठक र भेला सम्पन्न गरेका छन् । ती बैठक तथा भेलामा उनीहरुले मुख्यतयः विसं २०८४ को संसदीय निर्वाचनमा बहुमत ल्याउने र राजनीतिक स्थायित्व प्रदान गर्दै मुलुकलाई समृद्धितर्फ लैजाने सङ्कल्प पारित गरेका छन् ।

प्रमुख तीन दलले मुलुक र पार्टीलाई सुस्पष्ट दिशानिर्देशन गर्ने राजनीतिक, साङ्गठानिक, नीतिगत र आर्थिक प्रस्ताव पारित गर्दै तय गरिएका कार्यक्रममार्फत आगामी निर्वाचनमा बहुमत प्राप्त गरी पहिलो बन्ने महत्वकाङ्क्षी योजना प्रमुख तीन दलले अघि बढाएका हुन् । त्यति मात्रै होइन, नयाँ भनिएको राष्ट्रिय स्वतन्त्र पार्टीले मिसन-८४ अघि बढाइसकेको छ । उसले त्यसमा निम्ति विभिन्न परियोजना निर्माणमा भइरहेका ढिलासुस्तीबारे दबाब अभियान नै सुरु गरिसकेको छ ।

नेपाली कांग्रेसको बिहीबार सम्पन्न महासमिति बैठकमा महामन्त्री गगनकुमार थापाले महासमिति बैठकले पारित गरे बमोजिम १२ लाख नयाँ सदस्य थप्दै आगामी निर्वाचनमा कांग्रेसकै इतिहासमा सबैभन्दा बढी मत प्राप्त गरेको दलकारुपमा स्थापित गर्ने विश्वास प्रकट गर्नुभयो । त्यसका लागि भेला र बैठकले तय गरेका दलका रणनीति, कार्यनीति, कार्यक्रम र अभियान प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका, गाउँ, टोल र जनताका घरदैलोमा पुऱ्याउने अठोट गरिएको छ ।

प्रमुख पार्टीका बैठक र भेलामा दलभित्रको आन्तरिक जीवन, अनुशासन, जनअपेक्षा, पार्टीप्रतिको बुझाइ, क्रियाशीलता र आगामी कार्यदिशाबारे विस्तृत र गहन छलफल भएको छ ।

ती राजनीतिक दलबाट अघिल्ला बैठकमा जस्तै यसपटक पनि मुलुकको राजनीतिलाई थप स्थिरता प्रदान गर्दै कानुन निर्माण र जनहितका कार्यक्रम प्रभावकारी तुल्याउने प्रतिबद्धता व्यक्त गरिएको छ । त्यस्ता बैठक र भेलामा सत्ता गठबन्धनप्रतिको दृष्टिकोण र राजनीतिक आगामी 'कोर्स'बारे पनि छलफल गरिएको छ ।

नेकपा(एमाले) नेता हेमराज राईले भने जनताको समस्याप्रति सरकार केन्द्रित नभएको आरोप लगाउनुभयो । सरकारले महँगी र कालोबजारी नियन्त्रण गर्न नसकेको तथा राष्ट्रियता, लोकतन्त्र, विकास र अर्थतन्त्रको पाटोमा सरकारले लिएका नीति र निर्णय कमजोर देखिएको भन्ने पार्टीको बुझाइ रहेको उहाँले बताउनुभयो ।

नेता राईले पार्टी सुदृढीकरण र शुद्धीकरणको अभियान अघि बढाउन तथा पार्टीभित्रका संगठनात्मक अराजकतालाई अन्त्य गर्न केकस्ता उपाय र कार्यक्रमसहित अघि बढनुपर्छ भन्ने सुझाव समूहगत रुपमा प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्राप्त सुझावलाई अध्यक्ष र महासचिवबाट दिशानिर्देशन हुने ढङ्गबाट सम्बोधन भयो । आगामी सचिवालयको बैठकमा प्राप्त सुझावलाई संश्लेषण गरी प्रस्तुत गरिने छ ।"

पार्टीको बैचारिक र सङ्गठनात्मक क्षेत्रमा देखापरेका समस्या निधान गर्ने सन्दर्भमा गर्नुपर्ने कामबारे छलफल चलेकाले पार्टीलाई आगामी दिशामा कुन ढङ्गले अघि बढाउने भन्नेमा स्पष्ट पार्ने तथा तलसम्मका विचार र बुझाइलाई एकरुपता कायम गर्ने भन्ने छ ।

दशौं महाधिवेशनले पारित गरेको र निर्देशित गरेका विचारलाई कार्यान्वयनमा लैजान योजना बनाउने द्यौ र आन्तरिक जीवनमा देखिएको अनुशासनहिनता र अराजकस्थिति सुधार गर्ने विषयमा निर्मम हुने भनिएको छ । पार्टीले दिएको निर्देशनलाई ठीक ढङ्गबाट नबुझ्ने, कार्यान्वनमा आलटाल र ढिलासुस्तीलाई अन्त्य गर्ने विषय हुन् । कार्यान्वयनमा देखिएको लटरपटरलाई अन्त्य गर्ने र 'मिसन ग्रासरुट'लाई प्रभावकारी तुल्याउने भन्ने छ ।

"मिसन ८४ को उद्देश्य प्राप्त गर्न राजनीति, वैचारिक सुस्पष्टताका साथ लक्ष्यको बुझाइमा एकरुपता हुन आवश्यक छ । वामपन्थी एकताको विषय एकपक्षीय मात्रै हुन सक्दैन", उहाँले भन्नुभयो । एमालेले केही समय अघि मात्रै मध्यपहाडी लोकमार्गलाई आधार बनाइ अभियान सञ्चालन गरेको थियो ।

नेकपा(माओवादी केन्द्र)ले पनि गत भदौ १६ देखि देशव्यापीरुपमा चार महिने जनतासँग माओवादी रुपान्तरण अभियान सञ्चालन गरेको थियो । सो पार्टीका मुख्य सचेतक हितराज पाण्डेले पार्टीले सञ्चालन गरेको जनतासँग माओवादी विशेषरुपान्तरण अभियानबारे हालैको बैठकमा निर्मम समीक्षा गरिएको प्रतिक्रिया दिनुभयो ।

माओवादी केन्द्रको विधान अधिवेशन र केन्द्रीय समिति बैठक केही दिन अघि सम्पन्न भइसकेको छ भने हाल स्थायी समिति बैठक चलिरहेको छ । उहाँले भन्नुभयो, "पार्टी जीवनमा यो खालको निर्मम समीक्षा आजसम्म कहिल्यै भएको थिएन । समीक्षामा अभियानका क्रममा सहभागी संरचनाको जिम्मेवारीमा रहेका निकायलाई चार भागमा विभाजन गरी सवैभन्दा उत्कृष्ट कार्यसम्पादन गर्नेलाई पुरस्कृत गर्ने निर्णय भएको छ ।"

मध्यमस्तरको कार्य सम्पादन गर्नेलाई प्रोत्साहन गर्ने तथा सुम्पिएको जिम्मेवारी सन्तोषजनक नगर्नेलाई स्पष्टीकरण सोध्ने र कारबाहीको दायरामा ल्याउने निर्णयसमेत बैठकले गरेको उहाँले बताउनुभयो । विधान अधिवेशन नियमित काम भए पनि यस अधिवेशनले कमिटीमा रहने सङ्ख्या स्वाट्टै घटाउने निर्णय गरेको छ । पार्टीका नेता तथा कार्यकता माथिल्ला कमिटीमा बस्न रुचाउने तर जनतातिर गएर काम गर्न गाह्रो मान्ने चरित्रलाई सुधार ल्याउन कमिटीको सङ्ख्या घटाउने निर्णय गरेको हो ।

माओवादीले खासगरी तराई मधेसमा धेरै सम्भावना बोकेको, घना जनसङ्ख्या रहेको र थुप्रै सहर भए पनि विकास स्थिति कमजोर रहेकाले पार्टी नेतृत्वसहितका पदाधिकारीकै सहभागीतामा आगामी चैत १ देखि १५ गतेसम्म हुलाकी राजमार्गलाई केन्द्रित गरी तराई-मधेस जागरण अभियान गर्न लागेको छ । अध्यक्षसहित पदाधिकारीको सहभागितामा झापाबाट शुरु हुने अभियान कञ्चारपुरसम्म सञ्चालन हुने मुख्य सचेतक पाण्डेले जानकारी दिनुभयो ।

माओवादी केन्द्रले अर्को हिमाल-पहाड-तराईमधेश राष्ट्रिय एकता अभियान पनि सञ्चालन गर्दैछ । यसमा खासगरी नदी प्रणालीलाई आधार मानेर अभियान सञ्चालन हुनेछ । पार्टी पङ्तिलाई जिम्मेवार भई जनतामा पुग्ने विषयलाई जोड दिइनेछ । यसबाट जनताले प्रत्यक्ष अपेक्षा गर्ने भनेको बजेट निर्माणमा जनताका प्राथमिकता र अपेक्षा सम्बोधन विषय भएको मुख्य सचेतक पाण्डे भन्नुहुन्छ ।

अभियानको मुख्य लक्ष्य भनेकै समस्या पहिचान गरी पार्टी जनतासँग जोडिँदै आवश्यकता सम्बोधन गर्नु हो । नेपाली समाजमा सबै राजनीतिक पार्टी र नेता उस्तै हुन भन्ने भाष्यलाई अन्त्य गर्न अभियानले सहयोग पुऱ्याउने उहाँको भनाइ छ ।

"जनयुद्धमा रहँदा जनताकै सामिप्यमा रही वर्गीय, उत्पीडित जाति, पछि परेको समुदाय, पिछडिएको भूगोलसगै अनुशासन र कर्तव्य विषय प्रखररुपमा उठाइए र अभ्यासमा ल्याइएकै कारण विसं २०६४ जनताले अपार विश्वासका साथ मत जाहेर गरेका थिए । तर अहिले पार्टीभित्रको अनुशासन र टुटफूटको अवस्थालाई सच्याउन र सुधार्न अभियान सार्थक हुने विश्वास लिएको छ ।"

नेपाली कांग्रेसका नेता राजेन्द्रकुमार केसीले पार्टीले महासमितिमार्फत मुलुकमा समसामयिक राजनीतिमा देखा परेका समस्या समाधान, जनताबीचमा प्रिय पार्टीकारुपमा स्थापित गर्न लिनुपर्ने आगामी नीति र रणनीतिबारे सुझाव र सल्लाह प्राप्त गरेको प्रतिक्रिया दिनुभयो ।

बी उहाँले भन्नुभयो, "लोकतान्त्रिक पार्टीभित्र विचारको द्वन्द्व र मन्थन हुनु स्वभाविक छ । सदस्यहरुले आगामी दिनमा केकस्ता रणनीति र कार्यक्रम अघि बढाउँदा पार्टी बलियो हुन्छ भन्ने कोणबाट विचार प्रस्तुत भए ।"

आर्थिक हिसाबाट सङ्कटमा रहेको मुलुकलाई पार्टीकातर्फबाट समृद्धि र सुशासनका लागि चल्न पर्ने कदमबारे पनि विभिन्न कोणबाट छलफल भएको बताउँदै नेता केसीले भेलामा कृषि, जनजीविका, रोजगारी, अर्थतन्त्र सुदृढीकरणलगायतका विषयमा धेरै छलफल भएको जानकारी दिनुभयो ।

उहाँले कृषिलाई आधार बनेर मुलुकमा भएका प्राकृतिक स्रोत साधनको अधिकतम उपयोग गर्दै जलस्रोत, पर्यटनको विकासका लागि स्रोत परिचालन गरी विदेश गएका युवालाई काम लगाउने एजेण्डा कार्यान्वयनमा कांग्रेस निर्मम भएर अघि बढनुपर्ने सुझाव प्राप्त भएको बताउनुभयो ।

बैठकमा पार्टीले पनि त्यसखाले नीति बनाएर जाने र वर्तमान सरकारलाई पनि त्यसतर्फ अघि बढ्न निर्देशन गर्ने निर्णय भएको उहाँको प्रतिक्रिया थियो ।

मुलुकमा राजनीतिक स्थिरतका लागि विसं २०७९ मंसिर ४ गते चुनावी गठवन्धनको सरकारलाई आगामी चारवर्ष टिकाएर स्थिर सरकार दिनुपर्छ भन्ने पार्टीको निष्कर्ष रहेको उहाँको भनाइ छ । महासमिति


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन तीनै तहको सरकारबीच समन्वय आवश्यक : मुख्यमन्त्री यादव

धनुषा, ११ फागुन (रासस)।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन तीनै तहको सरकारबीच समन्वय आवश्यक रहेको बताउनुभएको छ।

श्रम तथा यातायात मन्त्रालय मधेस प्रदेशले आयोजना गरेको महिला, बालबालिका तथा सामाजिक न्याय समिति मधेस प्रदेशसभासँगको बहुपक्षीय कार्यशाला गोष्ठीको उद्घाटन सत्रमा मुख्यमन्त्री यादवले मुलुकको कूल गार्हस्थ्य उत्पादनमा करिब २३ प्रतिशत योगदान दिने वैदेशिक रोजगारी क्षेत्र व्यवस्थित बनाउने दायित्वबाट कोही पनि पन्छिन नपाउने उल्लेख गर्नुभयो।

वैदेशिक रोजगारीको क्षेत्रलाई व्यवस्थित बनाउन मधेस प्रदेश सरकारले समाजिक विकास मन्त्रालयबाट छुटयाएर श्रम तथा यातायात मन्त्रालय स्थापना गरेको स्मरण गराउँदै मुख्यमन्त्री यादवले श्रम तथा रोजगारीको क्षेत्रलाई व्यवस्थित बनाउन प्रदेश सरकार कुनै कसर बाँकी न राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सीप नहुँदा वैदेशिक रोजगारीमा ठूलो समस्या उत्पन्न भइरहेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री यादवले वैदेशिक रोजगारीमा जानेलाई सीपप्रति आकर्षित गर्ने कार्यक्रम ल्याउन सम्बन्धित अधिकारीलाई निर्देशनसमेत दिनुभयो। ग्रामीण क्षेत्रबाट दैनिक मजदुरीका लागि सदरमुकाम आउने श्रमिकको आवासको समस्यालाई मध्यनजर गर्दै प्रदेश सरकारले आठवटै जिल्लाको सदरमुकाममा श्रमिक भवन निर्माणका लागि बजेट व्यवस्थापन भइसकेको र सम्बन्धित स्थानीय तहहरुसँग समन्वय भइरहेको जानकारीसमेत गराउनुभयो।

श्रम तथा यातायात मन्त्रालयका सचिव सुरेन्द्र पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मधेस प्रदेशसभा महिला बालबालिका तथा सामाजिक न्याय समितिका सभापति रुपाकुमारी यादवले आप्रवासी कामदार समस्यामा पर्दा सरकारको तर्फबाट यथोचित सहयोग नहुनु दुःखद् भएको बताउनुभयो।

गोष्ठीमा स्वीस दूतावासका प्रतिनिधि एन्टोनियाले मधेस सरकारले श्रम तथा रोजगार नीति तयार गर्नु सराहनीय रहेको उल्लेख गर्नुभयो। उहाँले मधेस प्रदेशमा स्वीस सरकारको सहयोगमा सञ्चालित सामी र रेमी परियोजनालगायतका कार्यक्रममा प्रदेश सरकारको तर्फबाट भई सहयोग एवं सहकार्यप्रति धन्यवादसमेत व्यक्त गर्नुभयो।

गोष्ठीमा प्रदेशसभा महिला बालबालिका तथा सामाजिक न्याय समितिका सदस्य, श्रम तथा यातायात मन्त्रालयका पदाधिकारी एवं श्रमसँग सम्बन्धित प्रदेश सरकारका प्रतिनिधि, सामी एवं रेग्मी परियोजनाका पदाधिकारीलगायतका सरोकारवालाको सहभागिता थियो।

## ठूला दलका ...

बैठकले मुलुकमा सुशासनको प्रत्याभूति दिलाउन र समृद्धि प्राप्त गर्न वर्तमान सरकारलाई निरन्तर सहयोग र समर्थन गर्ने प्रतिबद्धता जनाएको छ। प्रमुख तीन राजनीतिक दलले आगामी निर्वाचनलाई केन्द्रित गरी विभिन्न अभियान सञ्चालन गरी जनतमाझ पुग्ने रणनीति बनाएका छन्।

जनता समाजवादी पार्टीका नेता नवलकिशोर साह सुडीले बिहीबारको बैठकमा पार्टीको महाधिवेशन आगामी जेठमा मधेस प्रदेशको राजधानी जनकपुरमा गर्नेलगायतका पार्टीको आन्तरिक जीवन र जनतासँग जोडिएका मुख्य विषयवस्तुमा छलफल भएको बताउनुभयो।

## सबै प्रक्रिया पुरा ...

नक्सा पास स्वीकृत वा अस्वीकृतको काम गरिसक्नुपर्ने प्रावधान रहेको बताए। यदि सो प्रक्रिया गरेको भए ठाकुरले संरचना निर्माणको काम सुरु गर्न पाउने/नपाउने विषय त्यतिबेलै टुङ्गो लागि सक्ने थियो, उनले भने- यदि ठाकुरले अनाधिकृत रुपमा पर्खाल निर्माण गर्न खोजेको थियो भने किन त्यतिबेला रोकिएन। उनले नक्सा पास शुल्क वापत ठाकुरले बुझाएको रकम किन फिर्ता गरिएन भन्ने विषय बारे आफूले बुझ्न नसकेको उनको प्रतिक्रिया समेत दिएका छन्।

पछिल्लो पटक वडा कार्यालयको सिफारिस तथा कार्यवाहक प्रमुखको आदेशमा ठाकुरद्वारा भइरहेको संरचना निर्माण कार्यको काम रोकिएको र यसबारे आफूले अध्ययन गरी मात्र थप कुरा बताउन सकिने उनले जनाएका छन्।

## नगरपालिकाको ...

आफूलाई गैरकानुनी ढंगले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय फिर्ता पठाइएको निर्णय सहितको पत्र थमाइएको भन्दै प्रमुख प्रशासकीय अधिकृत गुरुङ राजविराज नगरपालिका कार्यालय तथा कार्यवाहक नगरप्रमुख परविनलाई विपक्षी बनाउँदै अदालत पुगेपछि दुवैबीच विवाद झनै चर्किएको हो। उच्च अदालत जनकपुर राजविराज इजलासले रिट निवेदक गुरुङको पक्षमा अन्तरिम आदेश जारी गरेपछि कार्यवाहक नगर प्रमुखसँग उनको दूरी अझै बढेको छ। अदालतको आदेशपछि पनि दुवैबीच समझदारी बन्न नसक्दा नगरपालिकाको कामकाज प्रभावित बनेको हो।

मेयर निलम्बित अवस्थामा रहँदा नगरपालिका अभिभावकविहीन बनेको र कामकाज प्रभावित हुने गरेको कर्मचारीहरू बताउँछन्। गत स्थानीय तह निर्वाचनमा प्रतिद्वन्दी भन्दा दोब्बर मतले निर्वाचित भएका मेयर भीमराजलाई निर्वाचित हुनुअघि नै उनी सञ्चालक रहेको निर्माण कम्पनीद्वारा गरिएको एक निर्माण कार्यमा अनियमितताको आरोप लगाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोपपत्र दायर गरेपछि उनी निलम्बित भएका थिए।

२०७९ जेठ ९ गते पदभार ग्रहण गरेको एक महिना २१ दिन नबित्दै दायर भएको अनियमितताको आरोप उपर सुनवाई गर्दै विशेष अदालतले उनलाई २ लाख ६३ हजार ४ सय ६८ रुपैयाँ जरिवाना तोकेको थियो। उक्त निर्णयले आफूमाथि अन्याय भएको भन्दै उनी हाल पुनरावेदनका लागि सर्वोच्च अदालत पुगेका छन्। सर्वोच्चबाट आफूले न्याय पाउने उनको विश्वास छ।

## ट्रक पल्टिँदा ...

खवासको मृत्यु भएको छ। आँगनमा सुतेको अवस्थामा गाडी पल्टिएपछि खसेको ठूलो ढुंगाले उनीहरूलाई किचेको थियो।

बूढीगंगा गाउँपालिका ४ प्रगती टोलमा आर.जे.२९ जी.बी. १५६१ नम्बरको भारतीय ट्रक पल्टिँदा च्यापिएकामध्ये तीनजनाको ज्यान गएको हो। उनीहरू आफ्नो घरको आँगनमा बसिरहेका थिए।

यता घटनामा आमाहरू ज्योति र सञ्जु खवास घाइते भएका छन्। उनीहरुको अवस्था समान्य रहेको प्रहरीले जनाएको छ।

मार्बलको सामान लिएर उद्योगतर्फ जाँदै गरेको ट्रक पल्टिँदा घटना भएको हो। मार्बलको कच्चा पदार्थ बोकेर भारतबाट बूढीगंगाको जेएनजे मार्बल उद्योगमा आउँदै गरेको ट्रक पल्टिएको प्रहरीले जनाएको छ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी रञ्जन दाहालले घटनास्थलबाट ढुङ्गा पन्छाएर शव निकाल्ने प्रयास भइरहेको बताए। ट्रक हटाउन क्रेन ल्याएर प्रहरीले काममा लगाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## विश्व समाचार

### अमेरिकी निजी यान ५० वर्षभन्दा बढी समयपछि पहिलोपटक चन्द्रमामा अवतरण

केप कानाभेरल (अमेरिका), ११ फागुन (रासस/एपी)।

एक निजी यानले बिहीबार ५० वर्षभन्दा अधिक वर्षमा चन्द्रमामा पहिलो अमेरिकी 'टचडाउन' गरेको छ। यद्यपि उडान नियन्त्रकहरूले राम्रो सम्पर्क प्राप्त गर्नका लागि सङ्घर्ष नगरेसम्म कमजोर सङ्केत मात्र प्राप्त गर्न सकेका थिए। खराब सञ्चार भए पनि यानको निर्माण तथा व्यवस्थापन गर्ने कम्पनी इन्टचुटिभ मसिन्सले यानले सिधै अवतरण गरेको पुष्टि गरेको छ। यद्यपि यान चन्द्रमाको दक्षिणी ध्रुव नजिक आफ्नो इच्छित गन्तव्यमा पुगेको थियो वा थिएन भन्नेबारे कम्पनीले कुनै थप विवरण दिएको छैन। यानबाट कमजोर सङ्केत प्राप्त हुने बित्तिकै कम्पनीले आफ्नो लाइभ वेबकास्ट बन्द गरेको थियो।

मिसन निर्देशक टिम क्रेनले कम्पनीको ह्युस्टन नियन्त्रण केन्द्रमा तनावको स्थितिको बारेमा भन्नुभयो, "निस्सन्देह हाम्रो उपकरणहरू चन्द्रमाको सतहमा भएको हामी पुष्टि गर्न सक्छौं।" इन्टचुटिभ मसिन्सका कार्यकारी प्रमुख स्टिभ अल्टेमसले भन्नुभयो, "मलाई थाहा थियो यो ठूलो चिन्तापूर्ण र तनावपूर्ण थियो तर हामी सतहमा छौं र प्रसारण गर्दैछौं, चन्द्रमामा तपाईंलाई स्वागत छ।" टचडाउनको दुई घन्टापछि कम्पनीको घोषणाअनुसार अन्ततः डाटा प्रवाह सुरु भएको छ। नासाको प्रसिद्ध अपोलो मुनवाकर्सपछि पहिलो पटक अवतरणले अमेरिकालाई सतहमा फर्काएको छ। इन्टचुटिभ मसिन्स चन्द्रमामा अवतरण गर्ने पहिलो निजी व्यवसाय पनि बनेको छ। यो उपलब्धि केवल पाँच मुलुकले मात्र हासिल गरेका छन्। अर्को अमेरिकी कम्पनी एस्ट्रोबोटिक टेक्नोलोजीले गत महिना यसलाई सट दिएको थियो तर चन्द्रमामा पुग्न सकेन र यान पृथ्वीमा फर्कँदा दुर्घटनाग्रस्त भयो। दुवै कम्पनी चन्द्र अर्थतन्त्रलाई गति दिनका लागि नासा समर्थित कार्यक्रमका हिस्सा हुन्। एस्ट्रोबोटिक सबैभन्दा पहिला बधाई दिने मध्येको एक थियो। "एउटा अविश्वसनीय उपलब्धि, हामी निकट भविष्यमा चन्द्रमाको सतहमा तपाईंसँग सामेल हुनका लागि प्रतीक्षा गर्न सक्तैनौं", कम्पनीले सामाजिक सञ्जाल एक्समा भनेको छ। नासाका प्रशासक बिल नेल्सनले ट्विट गर्नुभयो, "इन्टचुटिभ मसिन्सले जीवनभरको अवतरणलाई गति दियो।"

यानको नेभिगेसन प्रणाली विफल हुँदा अवतरणअघिको अन्तिम केही घन्टा थप तनावपूर्ण बनेको थियो। कम्पनीको उडान नियन्त्रण टोलीले प्रगोगात्मक नासा लेजर प्रणालीलाई कार्यान्वयनमा ल्याउनुपर्‍यो। यानले अन्तिम मिनेटको स्विचका लागि समयको अनुमति दिनका लागि चन्द्रमाको चारैतिर थप एउटा चक्कर लगाउनुपर्‍यो। अन्ततः उक्त परिवर्तनसँगै ओडिसियस चन्द्रमा-स्किमिङ कक्षबाट उत्रियो र दक्षिणी ध्रुवनजिकै सबै चट्टान र क्रेटरहरूको बीचको तुलनात्मकरूपमा समतल स्थानलाई लक्ष्य बनाउँदै सतहतर्फ निर्देशित भयो। निर्दिष्ट टचडाउनको समय आयो र गयो, कम्पनीको कमान्ड सेन्टरका नियन्त्रकहरू उत्सुकतापूर्वक करिब चार लाख किलोमिटर टाढा अन्तरिक्ष यानबाट सङ्केतको प्रतीक्षा गरिरहेका थिए। करिब १५ मिनेटपछि कम्पनीले यानबाट कमजोर सङ्केत प्राप्त भएको घोषणा गर्‍यो। गत सात प्रक्षेपण गरिएको छ फुटको कार्बन फाइबर र टाइटेनियम यान (१४ फिट अग्लो) नासका लागि छ वटा प्रयोग थिए। केही वर्षमा अन्तरिक्ष यात्रीहरूको योजनाबद्ध फिर्ता हुनुअघि पहिलो चन्द्रमा डेलिभरीको व्यावसायिकरण गर्ने प्रयासको हिस्सास्वरूप अन्तरिक्ष एजेन्सीले कम्पनीलाई यान बनाउन र उडानका लागि ११ करोड ८० लाख डलर दिएको थियो।

### हरियाणा सरकारद्वारा किसान विरुद्ध राष्ट्रिय सुरक्षा ऐन खारेज

चण्डीगढ (भारत), ११ फागुन (रासस/एएनआई)।

हरियाणा प्रहरीले बिहीबार रातिको घोषणापछि शुक्रबार अम्बाला जिल्लाका केही युनियन नेताहरूविरुद्धको राष्ट्रिय सुरक्षा ऐन (एनएसए), १९८० खारेज गरेको अधिकारीहरूले बताएका छन्। अम्बाला रेन्जका आइजिपी सिबाश कविराजले किसान नेताहरूविरुद्धको एनएसए लागू नहुने बताउनुभयो। "अम्बाला जिल्लाका केही फार्म युनियन नेताहरूमाथि राष्ट्रिय सुरक्षा ऐनका प्रावधानहरू लागु गर्ने मामिलमा पुनरविचार गरिएको र यसलाई लागू नगर्ने निर्णय भएको सबै सम्बन्धित पक्षलाई स्पष्ट पारिन्छ", उहाँले भन्नुभयो।

प्रहरीले किसानहरूसँग कानून र व्यवस्था कायम गर्न र अधिकारीहरूसँग सहयोग गर्न पनि अपिल गरेको छ। "हरियाणा प्रहरी प्रदर्शनकारी र उनीहरूका नेताहरूसँग शान्ति तथा कानून व्यवस्था कायम गर्न अधिकारीहरूसँग सहयोग गर्न अपिल गर्दछ", कविराजले भन्नुभयो। यसअघि हरियाणा सरकारले अम्बाला जिल्लामा सम्पत्तिको क्षतिको विवरण माग्ने प्रहरी अधिकारीहरूसँग किसान नेताहरूविरुद्ध राष्ट्रिय सुरक्षा कानून लागु गरेको थियो। सन् १९८० को राष्ट्रिय सुरक्षा ऐन (एनएसए) ले भारतमा सरकारलाई सार्वजनिक व्यवस्था र राष्ट्रिय सुरक्षा कायम गर्नका लागि मानिसहरूलाई हिरासतमा लिने अनुमति दिन्छ।

यो ऐनले केन्द्र वा राज्य सरकारलाई कुनै पनि व्यक्तिलाई राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने कार्यमा संलग्न भएको विश्वास गर्ने कारण भएमा हिरासतमा राख्न अनुमति दिन्छ। एनएसए एउटा निवारक नजरबन्द कानून हो। यसमा कुनै पनि व्यक्तिलाई भविष्यमा अपराध गर्न वा भविष्यको अभियोगबाट भाग्नबाट जोगाउनका लागि हिरासतमा राख्ने व्यवस्था छ।

# स्नातक कार्यक्रम पुनः तीन वर्षे बनाइन्छ : उपकुलपति प्राडा बराल

कीर्तिपुर, ११ फागुन (रासस)।

त्रिभुवन विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्राडा केशरजङ्ग बरालले स्नातक तहको कार्यक्रमलाई पुनः तीनवर्षे बनाइने जानकारी भएको छ। त्रिविले २०७१/०७२ सालदेखि व्यवस्थापन सङ्काय तर्फ चारवर्षे स्नातक कार्यक्रम सुरुआत गरेको थियो।

विश्वविद्यालयको केन्द्रीय कार्यालयमा आज पदबहाली गरेपछि त्यहाँ उपस्थित विभागीय प्रमुख, कर्मचारी तथा प्राध्यापकहरुलाई सम्बोधन गर्दै उपकुलपति प्राडा बरालले चारवर्षे स्नातक कार्यक्रम लामो हुन गएकाले विद्यार्थी र अभिभावकको लगानी बढ्नाका साथै त्रिविको कार्यसञ्चालनमा पनि असहजता थपेको बताउनुभयो। "बाहिरको शिक्षा प्रणाली अनुकूल बनाउन जनाउँदै चारवर्षे गरियो तर छिमेकी भारत, युरोपेली मुलुकलगायत थुप्रै ठाउँमा अहिले पनि तीनवर्षे स्नातक कार्यक्रम नै चलिरहेको छ", उहाँले भन्नुभयो।

अमेरिकालगायत केही देशमा चारवर्षे स्नातक तहका कार्यक्रम सञ्चालनमा रहेको उल्लेख गर्दै उपकुलपति बरालले भन्नुभयो, "त्यस्ता देश वा त्यस्तै चारवर्षे विषय पढ्न जान चाहने विद्यार्थीका लागि तीनवर्षे कोर्ष सकेपछि थप एक वर्षको छुट्टै मानार्थ उपाधिका कार्यक्रम चलाउन सकिन्छ।"

साथै उहाँले विषयको विशिष्टताका कारण केही विषयका स्नातक कार्यक्रम भने चारवर्षे वा पाँचवर्षे हुनसक्ने बताउनुभयो। विश्वविद्यालयका केही कार्यक्रममा विद्यार्थी सङ्ख्या अत्यन्त न्यून र केहीमा शून्य रहेकातर्फ औँल्याउँदै उहाँले अहिले मानविकी सङ्कायमा अरू कार्यक्रमको तुलनामा कम विद्यार्थी भर्ना हुने गरेको बताउनुभयो। यसको समाधानका लागि मानविकीलाई सबै सङ्काय र कार्यक्रमबाट आउन मिल्ने (मल्टी डिसिप्लिनरी लिवरल आर्ट)का रुपमा पुनःसंरचना गरिने जानकारी पनि उहाँले दिनुभयो। शिक्षा सङ्कायका कार्यक्रमलाई पनि सबै विषयबाट प्रवेश गर्न मिल्ने बनाइन उहाँले बताउनुभयो।

केही वर्षयता त्रिविको संरचना ठूलो र भद्दा भएको चर्चा गरिने उल्लेख गर्दै उपकुपति बरालले यसको पुनःसंरचनाका लागि आफू तयार रहेको बताउनुभयो। "त्रिविलाई अब विस्तार होइन पुनःसंरचनाको खाँचो छ", उहाँले भन्नुभयो।

उपकुपति प्राडाबराललले त्रिविका शैक्षिक कार्यक्रमहरुलाई उत्पादन र बजारसँग जोड्न आफू लागिपर्ने बताउनुभयो। देशको मौलिक र रैथाने ज्ञानलाई विश्वविद्यालयको प्राज्ञिक अध्ययन-अनुसन्धानसँग जोड्नका लागि दीर्घकालीन योजना बनाइने जानकारी पनि उहाँले दिनुभयो। "तराईका राजवंशी र पहाडका मगरले उत्पादन गर्ने कासवा होस् वा चिउरीका उत्पादनको विकास, विश्वविद्यालयले त्यसतर्फको अध्ययन-अनुसन्धानमा जोड दिनेछ", उहाँले भन्नुभयो। साथै हिमाली उपचार पद्धति आम्ची र आयुर्वेदिक अध्ययन-अनुसन्धानका कार्यक्रममा पनि विशेष जोड दिएर उठाइने उहाँले बताउनुभयो।

यसैगरी, देशको विशिष्टताअनुरुप पर्वतारोहणको उच्चशिक्षाका लागि विशेष योजना ल्याइने र विदेशी विश्वविद्यालयसँग ज्ञान आदानप्रदानका कार्यक्रममार्फत अघि बढाइने पनि उपकुलपति प्राडा बराललले बताउनुभयो। होटल व्यवस्थापनमा अध्ययनसँगै कमाईको अवधारणालाई त्रिवि कार्यक्रमभित्रै सेम्प्टेर अघि बढाइने पनि उहाँले बताउनुभयो।

प्राडा बराललाई निवर्तमान कार्यवाहक उपकुपति शिवलाल भुसालललगायत त्रिविका वरिष्ठ कर्मचरी तथा प्राध्यापकहरुले स्वागत गर्नुभएको थियो।

# सरकारी जग्गा हडपेको विवरण सङ्कलन गर्न गृहको निर्देशन

काठमाडौँ, ११ फागुन (रासस)।

गृह मन्त्रालयले सार्वजनिक एवं सरकारी स्वामित्वको जग्गा कसैले हडपेको भए त्यसको यकिन विवरण मन्त्रालयसमक्ष पेस गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ।

मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले सरकारी जग्गा अतिक्रमण हुन नदिन देशभरका प्रशासन कार्यालयलाई उक्त निर्देशन दिइएको राससलाई जानकारी दिनुभयो। उहाँले पूर्ववत् सरकारी, सार्वजनिक, सन्धिसर्पन, ऐलानी कायम गर्ने प्रयोजनका लागि सोसम्बन्धी सत्य तथ्य सूचनासहितको विवरण सङ्कलन गरी गृह मन्त्रालयमा पठाउन भनिएको बताउनुभयो।त्यस्तो कार्य गर्नेउपर प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाउन सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई मन्त्रालयले पत्राचार गरेको छ।

सरकारी वा सार्वजनिक वा निश्चित प्रयोजनका लागि उपयोग गर्न दिइएका जग्गा अनधिकृतरूपमा दर्ता वा दाखिल खारेज गरी अतिक्रमण वा कब्जा गरेको एवं तोकिएको उद्देश्यभन्दा फरक प्रयोजनका लागि प्रयोग भएका विभिन्न घटनाबाट देखिएपछि मन्त्रालयले जग्गा फिर्ताको पहल थालेको हो।

मन्त्रालयले सरकारको स्वामित्वमा रहेका र सरकारको स्वीकृतिले कुनै सार्वजनिक संस्था (प्रचलित कानुनबमोजिम स्थापना भएका प्रतिष्ठान, बोर्ड, प्राधिकरण, संस्थान, विकास समिति, विश्वविद्यालय, विद्यालय, स्वास्थ्य संस्था, कम्पनी वा अन्य सार्वजनिक वा गैरसरकारी संस्था)लाई उपयोग गर्नगरी उपलब्ध गराइएका सरकारी र सार्वजनिक जग्गा देशभर रहेका जनाएको छ।

अतिक्रमण भएका जग्गा फिर्ता ल्याउने तथा राज्यको सम्पत्ति कब्जा गर्नेलाई कानुनबमोजिम कारबाही गरिने प्रतिबद्धता प्रवक्ता भट्टराईले व्यक्त गर्नुभयो।

# गाजा बिक्रि गर्ने पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन।**

घरबाटै लुकिछिपी प्रतिबन्धित लागुऔषध गाजा बिक्रि गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका ३ बनरझुला टोल निवासी ६० वर्षिय ताराप्रसाद चौधरी छन्।

प्रदेश प्रहरी कार्यालय जनकपुरधाका अनुसार चौधरीले घरबाटै गाँजा बिक्रि गरिएको गोप्य सुचनाको आधारमा अस्थायी प्रहरी पोष्ट खरचुहिया सप्तरी र ईलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको संयुक्त प्रहरी टोलिले बिहीबार साँझ उनी सुत्ने कोठाबाट ४ सय ग्राम गाँजा बरामद गरिएको हो।

पक्राउ परेका चौधरी र बरामद गरिएको गाजालाई इलाका प्रहरी कार्यालय कडरबोनामा राखिएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगाग्रत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरुद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


# आइतबारदेखि देशभर दादुराविरुद्ध खोप अभियान

काठमाडौँ, ११ फागुन (रासस)।

सरकारले दादुरा-रुबेलाको सङ्क्रमणको जोखिमलाई दृष्टिगत यही फागुन १३ देखि चैत ७ गतेसम्म जाजरकोट र पश्चिमरुकुमबाहेकका ७५ जिल्लामा खोप अभियान सञ्चालन गर्दै छ।

अभियानअन्तर्गत काठमाडौँ जिल्लाका पाँच लाख ९७ हजार तीन सय पाँचजना बालबालिकालाई खोप लगाइने बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलन गरेर वरिष्ठ जनस्वास्थ्य प्रशासक डा भुवन पौडेलले जानकारी दिनुभयो। उहाँले ती बालबालिकालाई एक हजार छ सय ७० खोप केन्द्रबाट खोप लगाइने बताउनुभयो।

पहिले विद्यालयलाई नै खोप केन्द्र बनाउने र खोपको अन्तिम दिन वडा कार्यालयमा रहेका स्वास्थ्य संस्थामा खोप लगाइने उहाँले बताउनुभयो। बिहान १० देखि दिउँसो ४ बजेसम्म खोप अभियान सञ्चालन हुनेछ। यस्तै ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिका खोप अभियान सहभागी हुनेछन्।

काठमाडौँ महानगरपालिकामा दुई लाख ५० हजार बालबालिका छन्। काठमाडौँ जिल्लाका १० स्थानीय तहमा शङ्खरापुर, कागेश्वरी मनहरा, गोकर्णेश्वर, दक्षिणकाली, नागार्जुन, टोखा, तारकेश्वर, बूढानीलकण्ठ, चन्द्रागिरि र कीर्तिपुरमा फागुन १३ गतेदेखि र काठमाडौँ महानगरपालिकामा यही फागुन १६ देखि २९ गतेसम्म खोप अभियान सञ्चालन हुनेछ। खोप अभियानमा तीन सय ३२ स्वास्थ्यकर्मी र तीन हजार एकजना स्वयंसेवक परिचालन गरिने छ।

भारतसँग सीमा जोडिएका दादुरा-रुबेलाको अतिसङ्क्रमित २१ जिल्ला तथा काठमाडौँ उपत्यकाका काठमाडौँ, भक्तपुर र ललितपुर गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्षमुनिका र ५१ जिल्लामा नौ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई खोप लगाइने छ।

काठमाडौँ दादुरा-रुबेलाको अतिसङ्क्रमित जिल्ला हो। यो नौ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाइने छ। गत वर्ष काठमाडौँ जिल्लामा दादुरा-रुबेला फैलिँदा दुई सय २५ जना सङ्क्रमित र एकजनाको मृत्यु भएको थियो। गत वर्ष १९ जिल्लामा यो महामारीका रूपमा फैलिएको थियो।


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*